# छत्रदेव गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड २) छत्रदेव गाउँपालिका, मितिः २०७५/०२/१७ (संख्या ६**

**भाग–२**

**छत्रदेव गाउँपालिका, अर्घाखाँची**

**संवत् २०७४ सालको आचारसंहिता नं. १**

**आचारसंहितको नाम : छत्रदेव गाउँपालिकाका कर्मचारीहरुको आचारसंहिता, २०७५**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम छत्रदेव गाउँपालिका गाउँ कार्यपालिकाले बनाएको कर्मचारीहरुको आचारसंहिता सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान र प्रचलित कानून प्रति प्रतिबद्ध रही कानूनी राज्य संघीय लोकतान्त्रिक गणतन्त्रका लाभहरुको न्यायोचित वितरण व्यवस्थापन र दीगो विकासको अवधारणालाई मूर्तरुप दिन र कर्मचारीहरुको मर्यादा, व्यवहारलाई शिष्ट वनाउन छत्रदेव गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयका कर्मचारीहरुका लागि छत्रदेव गाउँपालिको कार्यपालिका बैठकबाट पारित गरी कर्मचारीहरुले पालना गर्ने देहाय वमोजिमको आचारहरुको नियम वनाई लागु गरिएको छ ।

१. यो आचारको नियमलाई **छत्रदेव गाउँपालिकाका कर्मचारीहरुको आचारसंहिता, २०७५** मानिने छ ।

२. यो आचार संहिता तुरुन्त लागु हुने छ ।

३. यस आचार संहितामा स्थानीय तह भन्नाले छत्रदेव गाउँपालिकालाई जनाउँदछ ।

४. यस स्थानीय तहका कर्मचारीहरुले देहाय वमोजिमको आचरणको पालना गर्नु पर्नेछ ।

   क) स्थानीय तहको कामसँग सम्बन्धित कुनै व्यक्ति वा संस्थाबाट कुनै प्रकारको दातव्य, कोसेली, उपहार आए आफूले स्वीकार गर्नु वा आफ्नो परिवारको कुनै सदस्यलाई स्वीकार गर्न दिनुहुँदैन ।

   ख) कार्यपालिकाको स्वीकृति बिना कुनै कामका निम्ति कुनै किसिमको सहयोग माग्न वा चन्दा स्वीकार गर्न वा कुनै किसिमको आर्थिक सहायता लिनु हुँदैन ।

ग) आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति प्राप्त गरेमा लागत मूल्य समेतको जानकारी कार्यालयमा पेश गर्नु पर्ने छ ।

घ) यस तहको लागि गरिने कुनै पनि कामको ठेक्का टेण्डर, बोलपत्र आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा लिनु हुँदैन ।

ङ) कार्यालयको कामसँग सम्बन्धित भएको कुनै व्यक्तिसँग सापट लिन वा निजको आर्थिक कृतज्ञतामा पर्नु हुँदैन, तर बैंकसँग लेनदेन गर्दा यो नियम लागु हुने छैन ।

च) कुनै किसिमको फाँटका खेल्नु हँदैन ।

छ) कार्यपालिकाको स्वीकृत बिना कुनै पनि बैक वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिनु हुँदैन ।

ज) स्थानीय तहबाट अख्तियारी नभई आफूले लेखेको वा प्राप्त गरेको कुनै कागजपत्र वा सूचनालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अनाधिकृत कर्मचारी वा गैर सरकारी व्यक्ति वा प्रेसलाई जानकारी दिन हुँदैन । तर इतिहास, भाषा, साहित्य वा अनुसन्धान मूलक लेख रचना, कृति प्रकाशन गर्न बाधा पर्ने छैन ।

झ) संघ, प्रदेश वा स्थानीय सरकारको काम कारवाहीमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै पत्रपत्रिकामा आफ्नो वा वास्तविक वा काल्पनिक नामबाट वा वेनामी कुनै लेख प्रकाशन गर्ने वा रेडियो वा टेलिभिजनद्वारा प्रशारण गर्न हुँदैन ।

ञ) संघ, प्रदेश वा स्थानीय तहको नीतिको बिरोधमा सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशन गर्नु हुँदैन ।

ट) स्थानीय तहबाट निर्धारित समयमा नियमित रुपले आफ्नो कार्यालयमा हाजिर हुनु पर्छ र बिदाको निकासा नलिई आफ्नो काममा अनुपस्थित हुनु हुँदैन ।

ठ) कार्यालयको गोप्यता भङ्ग गर्नु हुँदैन ।

ड) स्थानीय तहको कर्मचारीले आफू भन्दा माथिल्लो तहको अधिकृतले दिएको आज्ञालाई सिघ्रता र परिश्रमका साथ पुरा गर्नु पर्ने छ ।

ढ) आफ्नो नोकरी सम्बन्धी कुरामा मतलव साध्न वा आफूभन्दा माथिका अधिकृतहरु माथि कुनै राजनैतिक वा अरु अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन ।

ण) स्थानीय तहका कर्मचारीले आफू माथिका अधिकृतहरु प्रति उचित आदर देखाउनु पर्दछ ।

त) प्रचलित कानून विपरित हुने गरी वहुविवाह गर्न गराउन हुँदैन ।

थ) कुनै पनि राजनैतिक पदका लागि हुने निर्वाचनमा भाग लिन वा कसैका निमित्त मत माग्न वा कुनै प्रकारले आफ्नो प्रभाव पार्नु हुँदैन । तर प्रचलित कानून वमोजिम आफूले पाएको मतदानको अधिकार प्रयोग गर्न यस्ले वन्देज लगाएको मानिने छैन ।

द) प्रचलित कानून वमोजिम दर्ता नभएका र नेपाल सरकारद्वारा मान्यता नपाएका कर्मचारीहरुको कुनै पनि संगठनको सदस्य बन्नु हुँदैन ।

ध) प्रचलित कानूनले अनुमति दिएको तह वा श्रेणी भन्दा माथिका अधिकृत कर्मचारीहरु कुनै पनि कर्मचारी संगठनको सदस्य वन्न हुँदैन ।

न) कसैलाई यातना वा यौन जन्य दुर्व्यवहार र घरेलु हिंसा सम्बन्धी कार्य गर्नु हुँदैन ।

प) आफ्नो कार्यालयमा काम गर्दा सबैसँग शिष्ट र हसिलो व्यबहार गर्नु पर्दछ ।

फ) आफ्नो कार्यालयमा पद अनुसार आफूले गर्ने जिम्मेवारीलाई मर्यादापूर्वक वहन गरी, स्वच्छ निष्पक्ष तथा छिटो छरितो ढंङ्गबाट कार्य सम्पादन गर्नु पर्दछ ।

ब) आफ्नो कामसँग सम्बन्धित सेवाग्राही प्रति मर्यादित व्यवहार गर्नु पर्नेछ ।

भ) स्थानीय तहका कर्मचारीहरुले आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिनु हुँदैन ।

म) कुनै पनि कर्मचारीले निकृष्ट प्रकारको बालश्रम प्रयोग गर्न पाइदैन ।

य) कर्मचारीहरुले जनप्रतिनिधिको शिष्टाचार र मर्यादा कायम राख्नु पर्नेछ ।

र) यो आचार संहिता पालना भए नभएको अनुगमन एक तह माथिबाट गरिनेछ ।

ल) कर्मचारीहरु गाउँपालिका प्रति उत्तरदायी हुनुपर्दछ ।

व) निहित स्वार्थको द्वन्द्व (Conflict of Interest) हुनु हुँदैन ।

श) तोकिएको पोशाक र परिचयपत्र अनिवार्य प्रयोग गर्नु पर्दछ ।

ष) कार्यालय समयमा कार्यालय हाताभित्र कार्यालय प्रयोगको काम बाहेक फेसबुक, युट्युव, ट्वीटर लगायतका अन्य साइटहरु चलाउनु हुँदैन ।

५) स्थानीय तहका कर्मचारीहरुले पालना गर्नु पर्ने अन्य नियमहरु प्रचलित कानूनमा व्यवस्था भएकोमा सोही वमोजिम र सोमा व्यबस्था नभएकोमा यसै वमोजिम हुने छ ।

**प्रमाणिकरण मितिः २०७५/०२/१७**

आज्ञाले
**भेषराज पन्थ**
प्रमुख प्रशासकीय अधिकृत
छत्रदेव गाउँपालिका, अर्घाखाँची